दैनिक
# लुम्बिनी
निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक

हामी बोलेर मात्र
होइन पुऱ्याएर छाड्छौं
तपाईको अत्यन्तै जरूरी चिठी एवं पार्सलहरू
नेपाल लगायत भारत र विश्वका प्रमुख शहरहरूमा
पठाउनु परेमा हामीलाई सम्झनुहोस् ।
सुपर काइनेटिक
कुरियर्स सर्भिस
ट्राफिक चोक हिमालयन
बैंकको साइड (सुर्य लाईफ इन्सोरेन्स भएको
भवन) फोन:- ०७१५४२५७१

वर्ष ३७ | अंक ३० | बुटवल | २०८१ माघ ११, गते शुक्रबार | नेपाल संवत ११४५ | Friday Jan 24, 2025 | पृष्ठ ४ | मूल्य रु. ६ मात्र | Lumbini

## गौतमबुद्ध विमानस्थलमा आरएनपी-एआर प्रणाली लागू



**लुम्बिनी संवाददाता**

*भैरहवा*

गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थलमा बिहीबारदेखि रिक्वायर्ड नेभिगेसन पर्फर्मेसन-अथोराइजेसन रिक्वायार्ड (आरएनपी-एआर) प्रणाली लागू भएको छ । भिजिबिलिटीको समस्या समाधान गर्नयसअघि लागू गर्ने भनिएको आइएलएस (इन्स्ट्रुमेन्टल ल्याण्डिङ सिस्टम) प्रणालीलाई भारतले अनुमति नदिएपछि भूउपग्रहमा आधारित आरएनपी-एआर प्रणाली लागू गरिएको हो ।

विशेषगरी मंसिर, पुस र माघमा बाक्लो हुस्सुले भिजिबिलिटी कम हुने समस्याले गौतमबुद्ध विमानस्थलमा अन्तर्राष्ट्रिय मात्रै नभई आन्तरिक उडान समेत स्थगन हुने गरेको छ । यो समस्या समाधानका लागि 'आरएनपी-एआर' प्रणाली लागू गरिएको हो । भिजिबिलिटी र अन्य कारण देखाउँदै मंसिर पहिलो सातादेखि उडान सुरु गरेका कतार एयरवेज, थाई एयर एसिया, फ्लाई दुबई र जजीराले एक महिना मात्रै उडान गरेर सेवा बन्द गरेका थिए । नेपाल एअर लाइन्सले भने काठमाडौ -भैरहवा- दुबई साताको चारदिन उडान गर्दै आएको छ ।यो प्रविधि त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा यसअघि नै प्रयोगमा आइसकेको छ। यो प्रणालीले भिजिबिलिटीको कारणले उडान र अवतरणमा आइरहने अवरोध हटाउने तिवारीले बताए ।

विमानस्थलका महाप्रबन्धक प्रतापबाबु तिवारीका अनुसार ४२ दिने सूचना प्रकाशनको अवधि पूरा भएकाले बिहीबारदेखि भूउपग्रहमा आधारित आरएनपी-एआर एप्रोच विधि औपचारिकरुपमा लागू भएको हो । हाल यांत्रिक विधि (आइएफआर) मा उडान गर्दा न्यूनतम भिजिबिलिटी १८०० मिटर चाहिने अवस्था रहेकोमा अब आरएनपी-एआर विधिमा ९०० मिटर भिजिविलिटी भए जहाज उडान र अवतरण गर्न सक्नेछन् । नेपाल नागरिक उड्डयन प्राधिकरणका तर्फबाट आरएनपी-एआर प्रणाली लागू हुन गर्नुपर्ने प्रकृया पूरा भए पनि अब विदेशी एअरलाइन्सहरुले आफ्नो देशको विभागीय मन्त्रालयसँग अनुमति लिई आफ्ना पाइलटहरुलाई तालिम दिएर टेस्ट फ्लाइट गरेपछि मात्रै यो विधि व्यवहारमा लागू हुनेछ ।

'यो प्रणाली विमानस्थलमा कुनै उपकरण जोडेर लागू हुने नभई ए ३२० र ए ३३० स्तरका जहाजमा लागू हुने हो, ती जहाजमा आरएनपी-एआर प्रणाली लागू गर्न सकिने सिस्टम पहिल्यै हुन्छ,' महाप्रबन्धक तिवारीले भने-'अब गौतमबुद्ध विमानस्थलमा उडान-अवतरण गर्ने ए ३२० र ए ३३० स्तरका जहाजले यो प्रणाली लागू गर्नुपर्ने हुन्छ ।'

» बाँकी २ पेजमा

# सिद्धबाबा सुरुङमार्गको प्रधानमन्त्रीले आज 'ब्रेक थ्रु' गर्दै

**पहिरोको उच्च जोखिम रहेको सिद्धबाबामा सुरुङमार्ग निर्माण प्रक्रियाको काम विगतमा केपी ओली प्रधानमन्त्री भएका बेला द्रुत अघि बढेको हो ।**

**लुम्बिनी संवाददाता**

*बुटवल*

काम थालेको छोटो समयमै सिद्धबाबा सुरूङमार्ग अन्ततः 'ब्रेक थ्रु'को चरणमा आएको छ । सुरूङमार्गको प्रधानमन्त्री केपी ओलीले आज माघ ११ गते 'ब्रेक थ्रु' गर्दैछन् ।

२०८० साल माघ ४ गतेदेखि खन्न थालिएको सुरुङ मार्गलाई सरकारले राष्ट्रिय गौरवको आयोजनाको रुपमा अघि बढाएको छ ।

ब्रेक थ्रु कार्यक्रममा उपप्रधान एवं अर्थमन्त्री विष्णुप्रसाद पौडेल, भौतिक पूर्वाधार तथा यातायातमन्त्री देवेन्द्र दाहाल, लुम्बिनी प्रदेशका मुख्यमन्त्री चेतनारायण आचार्यलगायत सहभागी हुने कार्यक्रम छ ।

सिद्धार्थ राजमार्गको बुटवल-पाल्पा सडक खण्डअन्तर्गत निर्माणाधिन १ हजार १२६ मिटरको सिद्धबाबा सुरूङमार्ग एक वर्षमा 'ब्रेक थ्रु'को अवस्थामा ल्याएको इञ्जिनियर सविता ज्ञवालीले बताइन् । इञ्जिनियर ज्ञवालीका अनुसार, ब्रेक थ्रु गर्ने दिनको लागि एक मिटरको ब्लास्ट बाँकी राखेर अरु काम सकिएको छ ।

आयोजनाले पुस मसान्तमै ब्रेक थ्रु गर्ने गरी काम सकेको थियो, तर प्रधानमन्त्रीको समय नमिलेका कारण ढिलाइ भएको हो । सुरुङमार्गमा आपतकालीन उद्धारको लागि दुई वटा हेलीप्याड हुने इञ्जिनियर ज्ञवालीको जानकारी दिइन् ।

हालसम्म सुरुङ मार्गको भौतिक र वित्तीय प्रगति ४० प्रतिशत भएको छ । अहिले टनेलको ढलान र लाइटिङको काम भइरहेको छ ।

आयोजनाका योजना प्रमुख कृष्णराज अधिकारीले माघ ११ गते प्रधानमन्त्रीबाट अन्तिम ब्रेक थ्रु गर्ने कार्यक्रमको सबै तयारी भएको जानकारी दिए ।

सिद्धार्थ राजमार्गको दोभानदेखि चिडिया खोलासम्म चार किमि अत्यधिक पहिरो आउने क्षेत्रभित्र पर्छ ।

सिद्धबाबा सुरुङका लागि २०७७ साल मंसिर १ मा मन्त्रिपरिषद् बैठकले बजेट सहमति प्रदान गरेको थियो । २०७८ साल जेठ ९ मा सडक विभागले ग्लोबल टेन्डरमार्फत् ठेक्का आह्वान गरेको थियो । सोहीअनुसार कम बजेट प्रस्ताव गर्ने चिनियाँ कम्पनीले सुरुङ निर्माणको जिम्मेवारी पाएको हो । निर्माण सम्पन्न भएपछि कम्पनीले



५ वर्षसम्म मर्मतको कामसमेत गर्ने शर्त छ ।

सिद्धबाबा सुरुङ आयोजनाको ठेक्का प्रक्रिया २०७८ सालमै सम्पन्न भएको थियो । सीएससीइसीले इञ्जिनियरिङ, प्रक्योरमेन्ट एन्ड कन्ट्रक्सन इपीसी मोडलमा सुरुङ मार्गको चाइना कम्पनीले ठेक्का पाएको हो । नारायणगढ-बुटवल सडक खण्डको कामको ठेक्का पाएकै कम्पनीले सुरुङ मार्गको काम गरिरहेको छ ।

आयोजनाका अनुसार यहाँ बुटवल र पाल्पा दुबैतर्फ जोखिमयुक्त सडकमा दुई लेनको सडक बनाइनेछ । सडकको माथिल्लो भागमा सुरक्षा संरचना बनाइनेछ । यसले सडक माथिबाट खस्ने ढुंगाहरुलाई सिधैं तल झार्नेछ । यसरी कुल ३ किलोमिटर सडकलाई सुरक्षित गराउने योजना छ ।

हरेक वर्ष जाने पहिरोले जनधनको क्षति पुऱ्याएसँगै सरकारले यहाँ सुरुङ मार्ग निर्माणको निर्णय गरेको थियो । सिद्धबाबाको सडक सुरक्षित भएपछि पोखरा र पाल्पामा भारतीय पर्यटक आवागमन बढ्ने अपेक्षा गरिएको छ ।

सुनौली-पोखरा सिद्धार्थ राजमार्ग २०२२ सालमा सुरु भएको थियो । २०२८ सालमा यसको निर्माण सम्पन्न भएको थियो ।

विसं. २०७३ सालमा प्रधानमन्त्री थिए केपी ओली । त्यही बेला अर्थमन्त्री थिए, विष्णु पौडेल । सिद्धार्थ राजमार्गको सिद्धबाबा खण्डमा सुरूङ मार्ग निर्माणको विस्तृत अध्ययन तथा परियोजना प्रस्ताव तयार गर्न त्यही बेला बजेट विनियोजन भएको थियो । त्यसपछि २०७४ सालको चुनावपछि पुनः प्रधानमन्त्री भए ओली । त्यसैबेलादेखि सिद्धबाबा सुरुङमार्ग निर्माण प्रक्रियाले गति लिएको हो ।

सुरुङ मार्ग छिचोल्ने काम अन्तिम चरणमा पुगे पनि सुरुङभित्रको लाइनिङ र 'स्लोप' मिलाउन समय लाग्ने छ ।

» बाँकी २ पेजमा

# मासु व्यवसायीको माग पूरा गर्न २५ बुँदे सहमति

**सहमतिअनुसार व्यवसायीहरुले सरकारी मापदण्ड पूरा गरेर निजी क्षेत्रबाट बधशाला स्थापना र सञ्चालन गर्न पाउने गरी उपमहानगरले आवश्यकताअनुसार ऐन कानुन परिमार्जनको व्यवस्था मिलाउने प्रतिबद्धता जनाएको छ ।**



**लुम्बिनी संवाददाता**

*बुटवल*

मासु व्यवसायी र खसी-बोका पालक किसानलाई सहभागी गराएर 'फोर पी' मोडलमा बधशाला चलाउने पूर्व सहमति विपरीत जाँदा सञ्चालनमै समस्या आएपछि बुटवल उप-महानगरपालिकाले मासु व्यवसायीका मागअनुसार २५ बुँदे सहमति गरेको छ ।

मासु व्यवसायी संघ रुपन्देहीसँग बिहीबार उप-महानगरमा भएको सहमतिअनुसार व्यवसायीहरुले सरकारी मापदण्ड पूरा गरेर निजी क्षेत्रबाट बधशाला स्थापना र सञ्चालन गर्न पाउने गरी उप-महानगरले आवश्यकताअनुसार ऐन कानुन परिमार्जनको व्यवस्था मिलाउने प्रतिबद्धता जनाएको छ । यो सहमतिले खसी बोकाको मासु व्यापारमा एउटा निश्चित कम्पनीको एकाधिकार तोडिने र प्रतिस्पर्धा गर्न पाउने बाटो खुलेको छ ।

सहमतिअनुसार मासु व्यवसायी संघ रुपन्देहीले बधशाला सञ्चालनमा पूर्णरुपमा सहयोग गरी बधशालामा बध गरेको खसीबोकाको मासुमात्र बिक्री वितरण गर्ने प्रतिबद्धता जनाएको छ ।

आधुनिक बधशाला बुटवल तथा रुपन्देही जिल्लाको मात्र नभई लुम्बिनी प्रदेशकै गौरवको आयोजना भएकाले रुपन्देही जिल्लाका सबै स्थानीय सरकार, राजनैतिक दल, संघसंस्था र व्यवसायीहरुसँग संयुक्त छलफल गरी यसको दीगो सञ्चालनका लागि स्थानीय उत्पादक र व्यवसायीलाई समेट्ने गरी कार्ययोजना बनाई आवश्यक समन्वय गरिने सहमतिमा उल्लेख छ ।

यस्तै बधशाला पूर्णरुपमा सञ्चालनमा आएपछि माग, आवश्यकता र क्षमताका आधारमा आवश्यकता बमोजिम थप संरचना निर्माण गर्दा व्यवसायीहरुबाट लगानीको सुनिश्चितता हुने भएमा आगामी दिनमा सार्वजनिक निजी साझेदारी अवधारणामा बधशाला निर्माण र सञ्चालन गर्न पहल गरिने सहमति भएको छ ।

व्यवसायीबाट सात दिनभित्र बधशालामा बध गरेको मासु मात्र बिक्री वितरण गर्ने सुनिश्चितता भएपश्चात् उप-महानगरपालिकाबाट प्रचलित कानुन बमोजिम क्रमशः मागको सम्बोधन गरिने सहमतिमा उल्लेख छ ।

हाल बधशालाबाट खसीबोकाको खुट्टा टाउकोसहितको पूर्ण शरीर खसीबोकाको मिश्रित छालासहितको मासु प्रतिकिलो ८ सय ५० रुपैयाँमा (बोसोसहितको भुटुवा आइटम निःशुल्क) उपलब्ध गराइने र ८० रुपैयाँ थप गरी छाला बाहेकको मासु उपलब्ध गराइने उल्लेख छ ।

इस्लाम धर्मावलम्बीहरुको लागि धार्मिक आस्थाअनुसारको बधका लागि बधशालामा आवश्यक पूर्वाधार व्यवस्था मिलाइने, बधशालाले व्यवसायीको माग बमोजिम गुणस्तरीय खसी, बोका समयमै उपलब्ध हुने कुराको सुनिश्चितता गर्नुपर्ने, माग अनुसार प्रत्येक दिन समयमा मासु उपलब्ध गराउन नसकेमा त्यसबाट व्यवसायीमा पर्न जाने क्षतिको सम्बन्धमा बधशाला सञ्चालक जिम्मेवार सजग रहनु पर्ने सहमति भएको छ ।

आधुनिक बधशालामा तयार भएको मासु बिक्री वितरणलाई अनिवार्यता गर्दा उप-महानगरपालिकाले पसल सुधारको कार्यक्रममा उचित बजेट विनियोजनको सुनिश्चितता गर्दै नयाँ पसल दर्ताको निश्चित मापदण्ड बनाउने, दर्ता नभएका पसललाई निश्चित समय तोकी दर्ता गर्ने, दर्ता नभएमा पूर्णरुपमा बन्द गराउनु पर्ने सहमति भएको छ ।

साथै अन्य पशु पंक्षीहरुको बधस्थल सुधार एवं सम्पूर्ण मासु पसल सुधार कार्यक्रमहरु क्रमशः कार्यान्वयन गरिने, माग अनुसार फ्रेस र फ्रिजिङ गरेको मासु उपलब्धता सुनिश्चितता गर्दै व्यक्तिगत बधस्थल बन्द गर्नुपर्ने र बधस्थल निर्माण गर्दा भएको खर्चको सन्दर्भमा त्यस्ता व्यवसायीहरुलाई मासु व्यवसायी संघको सिफारिस समेत हेरी पसल सुधार कार्यका लागि प्रचलित कानून बमोजिमको आधारमा थप प्रोत्साहन व्यवस्था गरिने उप-महानगरले प्रतिबद्धता जनाएको छ ।

यस्तै सबै प्रकृतिको मासुमा समय सापेक्ष सुधार गर्न एउटा कार्यदल गठन गरी व्यवसायको तथ्यांक संकलन, स्थिति मूल्यांकन, समस्या पहिचान एवम् आवश्यक सुधारका कार्यक्रम मासु व्यवसायीसँगको सहकार्यमा तत्काल सुरु गरिने सहमति भएको छ ।

बधशाला सञ्चालनको ठेक्का पाएको मुक्तिनाथ लाइभस्टक बैंकले होटल र घरघरमा मासु बिक्री वितरण गर्ने आउटलेटहरु पूर्णरुपमा बन्द गराइने, व्यवसायी स्वयंले खसी बोका बधस्थलमा लगेर बध गर्न चाहेमा प्रशोधन खर्च प्रतिगोटा अधिकतम एक हजार लिने गरेकामा व्यवसायीहरुको माग बमोजिम ६ सय रुपैयाँ कायम गरिने सहमति भएको छ ।

» बाँकी ३ पेजमा

छत्रकोट गाउँपालिकाको अनुरोध

- जन्म, मृत्यु, बसाईसराई, विवाह दर्ता, सम्बन्ध विच्छेद जस्ता व्यक्तिगत घटना दर्ता समयमै गरौं ।
- वन, वातावरण, वन्यजन्तु र सार्वजनिक सम्पत्तिको संरक्षण गरौं ।
- सबै बालबालिकालाई समयमै विद्यालय भर्ना गरी पहुँच सुनिश्चित गरौं ।
- मधुमेह, उच्च रक्तचाप र दमजस्ता स्वास्थ्य समस्याको नियमित चेकजाँच गरौं ।
- पानी उमालेर मात्र पिउने गरौं ।
- आफ्नो नगर एवम् शहर बजार वरपरको वातावरण सफा राखौं ।
- सबैखालका विभेदको अन्त्य गरौं ।
- नगरपालिकाको कार्यालयमा गई आफ्नो पसल, व्यवसाय दर्ता गरौं ।
- स्वास्थ्यमा कुनै समस्या देखिए तुरुन्तै नजिकैको स्वास्थ्य संस्थामा जाँच गराउन जाऔं ।
- खुल्ला स्थानमा दिसापिसाव नगरौं, चर्पीमा मात्र दिसापिसाव गरौं ।

अनुरोधक :
छत्रकोट गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
गुल्मी, लुम्बिनी प्रदेश, नेपाल

# सम्पादकीय

## रामग्राम–लुम्बिनी बिजुली बस

लुम्बिनी विकास कोषले रामग्रामदेखि लुम्बिनीसम्म बिजुली बस चलाउनु सकारात्मक छ। बौद्ध स्थलहरुको एकीकृत पर्यटन प्रवर्द्धन कार्यक्रम चलाउन दबाब परिरहेका बेला कोषले गरेको यो निर्णयले लुम्बिनीलाई आसपासका बौद्धस्थलमा पर्यटन प्रवर्द्धन गर्न बल पुऱ्याउने छ।

बौद्धमार्गीहरुका लागि बुद्ध जन्मस्थल लुम्बिनी जत्तिकै महत्वपूर्ण छ, रामग्राम। बुद्धको अस्तुधातु रहेको रामग्राम स्तुपलाई बौद्धमार्गीहरु श्रद्धा राख्छन्। कपिलवस्तु बुद्धले २९ वर्ष बिताएको स्थल हो। सिद्धार्थ गौतमभन्दा अघिका दुई बुद्धको जन्मले पनि कपिलवस्तु महत्वपूर्ण मानिन्छ। बुद्धसँग सम्बन्धित दर्जन विभिन्न स्थल रहेकाले कपिलवस्तुलाई खुला संग्रहालय मानिन्छ। अहिले लुम्बिनीमा आएका पर्यटकका लागि कपिलवस्तु, रामग्राम र देवदह पुग्न असहज भइरहेका बेला लुम्बिनी विकास कोषले बिजुली बस चलाएर लुम्बिनी आएका पर्यटकलाई रामग्राम, देवदह र कपिलवस्तु लैजाने अगुवाइ गरेको छ। कोषको यो अभियानले पर्यटक आवागमन विस्तार हुनेछ। लुम्बिनी आएका पर्यटक आसपासका बौद्ध स्थल घुमफिर गर्न पाउँदा उनीहरुको बसाइ लम्बिन सक्छ।

अहिले साताको तीन दिन लुम्बिनी-रामग्राम बिजुली बस सेवा चल्ने कोषका अधिकारीहरुले जनाएका छन्। प्रत्येक दिन बस चल्नुपर्छ। प्रत्येक दिन बस नचल्दा लुम्बिनी आएका पर्यटक बस चल्ने दिन कुरेर रामग्राम जाने साइत हेरेर बस्दैनन्। अहिले मान्छेलाई हरेक विषयमा छिटो-छरितो सेवा आवश्यक परेको छ। छिटोछरितो सेवाको अपेक्षा भइरहेका बेला छरितो सेवाबाट मात्रै लाभग्राहीको चित्त बुझाउन सकिन्छ। एशियाली विकास बैंकको अनुदान सहयोगमा ५ वटा बस र १४ वटा विद्युतीय भ्यान संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयले २०७९ जेठमा लुम्बिनी विकास कोषलाई दिएको थियो। सेतो नम्बर प्लेटका ती बस र भ्यान त्यत्तिकै थन्किरहेका बेला पर्यटक बोक्न प्रयोग गरेर सदुपयोग गरेको छ।

दातृ निकायले दिएका सामग्रीको सदुपयोग हुनुको साटो त्यत्तिकै खेर जाने जोखिम बढिरहेका बेला कोषले सदुपयोगको बाटो रोजेको छ। रामग्राम-लुम्बिनी यातायात सेवालाई अझ विस्तार गर्दै जानुपर्छ, जसले लुम्बिनीसहित बौद्ध स्थलहरुको पर्यटकीय विकासमा सघाउ पुऱ्याउने छ।

# संघीयता र लोकप्रियतावाद



विनबहादुर कुँवर

यही गएको शनिबार राष्ट्रिय जनमोर्चा समर्थक बुद्धिजीवी मोर्चाले 'संघीयता र लोकप्रियतावाद'... विषयमा एउटा अन्तर्क्रिया कार्यक्रम राखेको थियो। त्यसमा विभिन्न राजनीतिक दल एवम् विभिन्न व्यक्ति विशेषको उपस्थिति थियो। उक्त विषयमा एउटा लिखित कार्यपत्र नै प्रस्तुत भएको थियो। कार्यपत्र एउटा तर विषय दुई अलग एउटा संघीयताको भने अर्को लोकप्रियतावादको बारेमा चर्चा गरिएको छ।

संघीयताको बारेमा नेकपा (मसाल) र राजमोले सुरुदेखि नै विरोध गर्दै आइरहेको छ। नेपालमा संघीयताको खारेजीलाई उक्त पार्टीले सुरुदेखि नै मूल विषय बनाउँदै आइरहेको छ। एक प्रकारले संघीयताको विरोधलाई नै उसले आफ्नो क्रान्तिकारिता भएको बताउँदै आएको छ। संघीयता शब्द नै नेपालका लागि गलत भए जस्तो गरी आफ्ना हरेक कार्यक्रममा त्यसको विरोध गरेको पाइन्छ। तर वास्तवमा संघीयता आफैँमा ठीक वा बेठिक भन्ने होइन।

देश काल समय परिस्थिति अनुरुप सापेक्षतामा यसको भर पर्दछ । तर मसालले यसलाई निरपेक्ष रुपमा विरोध गर्दै आइरहेको छ। हामीले पनि यसको विरोध गर्दै आएका छौं। तर निरपेक्ष रुपमा होइन हालको अवस्थामा यसको कुनै अर्थ छैन। किनभने वर्तमान यो राज्य सत्ता नै प्रतिक्रियावादी सामन्ती, दलाल र नोकरशाही बुर्जुवा अर्थात् दलाल पुँजीवादी भएकाले यसको शासकीय चरित्र पनि त्यस्तै राष्ट्रघाती र जनघाती छ। संघीयता भए पनि नभए पनि यसले कुनै अर्थ राख्दैन। मुख्यतः राज्यसत्ताको प्रश्न हो। तर मसाल पार्टीको ठम्याई के छ भने यहाँ संघीयता नभएमा धेरै विकास हुन्छ । संघीयताले साम्राज्यवादको सेवा गर्छ। जातीय वैरभाव उत्पन्न गर्छ। नेपालको राष्ट्रियतामा चुनौती थपेको छ। यो सामाजिक अशान्तिको कारक बन्न सक्छ। राष्ट्र विखण्डनको आधार भएकाले यसलाई तुरुन्त सच्याई यसको खारेजी गर्नुपर्दछ आदि।

तर मानौं अब कुनै कारण संघीयता खारेजी नै भयो भने के माथि भनिएका ती सबै नहोला वा संच्चिएला ? अर्थात् देशको राष्ट्रियतामा चुनौती नहुने । सामाजिक अशान्ति नहुने । राष्ट्र विखण्डनका आधार नबन्ने। जातीय वैरभाव उत्पन्न नहुने आदि सबै होला ? संघीयता सम्बन्धी यो कुरा बच्कना खालको छ। मूल कुरा त यो राज्य व्यवस्था नै माथि भने जस्तै प्रतिक्रियावादी छ। संघीयता हुनु र नहुनुले यसमा कुनै पनि फरक पर्दैन। संघीयताको मात्रै होइन पहिलो कुरा त राज्यव्यवस्था कै खारेजी हुनुपर्दछ । जनताको राज्यसत्ता र जन राज्यव्यवस्था भए मात्रै यो सब हुन्छ। तब त्यतिबेला संघीयता राखे पनि वा नराखे पनि जे गरे पनि ठीकै हुनेछ। त्यसकारण यो देशमा संघीयता भए पनि वा नभए पनि जबसम्म यो सामन्ती, दलाल र नोकरशाही बुर्जुवा राज्यसत्ता र व्यवस्था रहन्छ तबसम्म देशको राष्ट्रियता, जनतन्त्र र जनजीविकाको साथसाथै माथि भनिएको सबै कुरा यथावत नै रही रहनेछ। मूल विषय त सत्ता परिवर्तनको हो। रुपलाई उचाल्ने तर सारलाई बिर्सने अवसरवादी दृष्टिकोण हो। सार अर्थात् सत्ता नै मूलतः प्रतिक्रियावादी र जनविरोधी भए पछि बाहिरी रुप अर्थात् केही शासकीय स्वरुप जतिसुकै राम्रो भए पनि त्यसको कुनै अर्थ हुँदैन।

अब अर्को विषय लोकप्रियतावादको बारेमा पनि उक्त कार्यक्रममा लामो व्याख्या विश्लेषण गरिएको छ। त्यसमा केही उदाहरणको रुपमा रवि लामिछाने, बालेन, हर्क साम्पाङ आदिलाई लिएको छ। त्यसमा लोकप्रियतावादको जगको रुपमा उत्त आधुनिकवादलाई लिइएको छ। वास्तवमा यसको अर्को रुप व्यक्तिवाद पनि हो। लोकप्रिय बन्नु र हुनु राम्रो कुरा हो तर त्यही लोकप्रियताको नाममा अनेकथरी बहानाबाजी गर्दै हिंड्नु सस्तो लोकप्रियता हो । जस्तो उदाहरण रवि लामिछाने पत्रकारिताबाट उदाए। पत्रकारितामा देखाएको केही राम्रा कुराहरुलाई उनले आफ्नो व्यक्तित्वमा बदल्न सफल भए। त्यही व्यक्तित्वलाई भजाएर उनले करोडौं रुपैयाँको पुँजी बनाए। त्यसैको आडमा पार्टी बनाए। सांसद मन्त्री समेत बने। उनको त्यो छविबाट आकर्षित भएर एउटा ठूलो जमात उनको पछि छ।

त्यो जमातले रविलाई हाई हाई अरु सबलाई बाई बाई गरिरहेको छ। यतिसम्मकि उक्त दलका उपसभापति हालका काम चलाउ सभापति डी.आर. अर्यालले रवि जहाँ भए पनि बाँचुन्जेल रास्वपाको सभापति नै भइरहने बताए। मानौं हिजोका राजा महाराजा जस्तै । तर त्यस्तो सस्तो लोकप्रियता धेरै टिक्दैन।

ढिलो जाडो त्यसको पोल खुलेरै छाड्छ। रविको पत्रकारिता रहस्य के रहेछ ? बल्ल सहकारी अपचलन धनराशी ठगी धन्दाबाट पोल खुलेको छ। तैपनि उनी पछि लागेको एउटा ठूलो जमातले त्यो मानेको छैन। त्यस्तै हर्क साम्पाङले रित्तो गाग्रो लिएर काठमाडौं आए र त्यही गाग्रो सिंहदरबार गई प्रधानमन्त्रीलाई बुझाउने प्रयत्न पनि सस्तो लोकप्रियताको उदाहरण हो। त्यस्तै बालेनको सिंहदरबारमा आगो लगाउने सुकुम्बासी हटाउने आदि सबै स्टन्टवाजकै नमूना हुन्।

स्वयं नेपालका प्रायः सबै दल र दल नेताहरुमा पनि यस्तो सस्तो लोकप्रियता भएको पाइन्छ। एमालेमा 'ओली बा' माओवादीमा प्रचण्ड पथ आदि उदाहरण छ। व्यक्तिवाद उमेरमा पनि देखिने गरेको छ। केपी ओलीले ७० वर्षे उमेर हद म्यादलाई हटाई आजीवन एमाले अध्यक्ष बनिरहने दाउँमा छन्। प्रचण्ड पनि त्यस्तै छाटकाटमा छन्। माओवादी जनयुद्ध कालमा प्रचण्डको फोटो प्रदर्शन, प्रचण्ड पथ, प्राधिकार नेतृत्वको केन्द्रीयकरण यति सम्मकि नेतृत्व स्थापितका लागि हरेक नेताहरुले लेख लेख्दा सुरुमा प्रचण्डका कोटेशन राख्नै पर्ने समेत गरिएको थियो। अहिले पनि प्रचण्डले अर्को वैकल्पिक नेतृत्व नै अझैं नबनिसकेको भन्दैछन्। मसालका मोहन विक्रमको सम्भवत विश्व रेकर्ड नै तोडिएको हुनुपर्दछ । ९० वर्षका वृद्ध क. महामन्त्री मसाल पार्टीका। बाँचुन्जेल आजीवन नेतृत्वमा बसिरहने व्यक्तिवादी सौँचकै उपज हो।

अहिले विश्वव्यापी रुपमा नै लोकप्रियतावादको बढ्दो प्रभाव देखिँदैछ। नयाँ पिंढीमा अझ यो बढ्दो छ। कुनै विचार-सिद्धान्त, त्याग, तपस्या बलिदान केही नचाहिने खाली तत्कालीन केही विषयलाई उरालेर मात्र गरिने राजनीतिले तत्काल केही प्रभाव पारे पनि पछि दीर्घकालीन रुपमा यसको असर नकारात्मक नै हुन्छ । नेपालको सामाजिक र ऐतिहासिक पृष्ठभूमि नै यस्तै छ। एक्लो वीर अर्थात् हिरोइज्म। हाम्रो धर्म-संस्कृति पनि बढी यस्तै शिव-पार्वती, राम-कृष्ण पुज्ने र मान्ने धार्मिक संस्कृति। सामन्ती र निम्न पुँजीवादी समाजको उपज नै यो हो।

निश्चय नै अहिले यसको प्रभाव बढ्दो छ। त्यसैले यसको बारेमा अध्ययन, मनन र चर्चा गर्नु राम्रो नै छ। तर चर्चा गरेर मात्र वा खाली विरोध गरेर मात्रै पुग्दैन। जसरी आज केही जनताहरु यसको प्रभावमा परेका छन्। उनीहरुको कुनै दोष छैन। यस्ता व्यक्ति विशेषले केही गर्छन् कि भनेर त्यस्ताको पछि लागेका छन्। खास त देशका ठूला भनिने दल जस्तो नेपाली कांग्रेस, एमाले र माओवादीहरुको नालायकीपन, अवसरवादी र भ्रष्ट गतिविधिले गर्दा जनता निराश छन्।

त्यसको फाइदा केही यस्ता व्यक्ति विशेषले लिइरहेका छन्। यसको मूल कारण त अर्को वैकल्पिक क्रान्तिकारी पार्टीको अभाव हो । हिजो पञ्चेहरुको विकल्पमा कांग्रेस- एमालेलाई जनताले साथ दिएका थिए। २०५२ सालपछि कांग्रेस-एमालेको विकल्पमा माओवादीलाई जनताले साथ दिएका थिए । तर अहिले यी सबैको विकल्पमा त्यस्तो क्रान्तिकारी पार्टीको अभाव हुनु नै यस्ता लोकप्रियतावादीहरुको उदय देखिनु हो।

हुन पनि नेपालका हरेक पार्टीका गतिविधि सबै चुनावी गढजोड र पदीय हानथाप मात्र छ। मिसन २०८४ अर्थात् २०८४ को आम निर्वाचनतिर उनीहरु सबैको ध्यान छ । सबै दलाल विचौलिया र भ्रष्ट देश र जनताको पक्षमा काम गर्ने यिनीहरुलाई फुर्सद नै छैन। त्यसैले कोही मान्छेहरु रवि पछि लाग्दैछन् भने कोही बालेन र हर्क अनि कोही त प्रसाईंको पछि लाग्दैछन्।

मिटर व्याज, लघुवित्त र सहकारी पीडितका समस्याहरुप्रति कुनै पनि दलको चासो छैन। कुनै न कुनै दलका नेताहरु नै यसमा मुछिएका छन्। यस्ता विभिन्न खाले जनताका जल्दाबल्दा समस्याहरुलाई समय नै समाधान गर्न सके जो कोही पनि यस्ता व्यक्ति विशेषका पछि लाग्ने स्थिति नै देखिंदैन।

# समुन्नत नेपालको लागि इञ्जिनियर परिचालनको आवश्यकता

इ. महेश्वर लम्साल

देश अहिले विभिन्न चरणका राजनैतिक परिर्वतनहरु पार गरेर पूर्ण लोकतान्त्रिक व्यवस्थामा छ। प्रायः सबै राजनैतिक दलहरुको भनाइमा पनि राजनैतिक क्रान्ति सम्पन्न भएको र अब सामाजिक तथा आर्थिक क्रान्तिमार्फत् समृद्ध तथा समुन्नत देश बनाउन आवश्यक छ भनिएको छ। समृद्ध/समुन्नत देश हुनको लागि देशका सम्पूर्ण निकायको प्रभावकारी परिचालनको आवश्यकता छ। यस लेखमा इञ्जिनियरहरुको परिचालनको आवश्यकताको सन्दर्भमा केही महत्वपूर्ण कुराहरु समेट्ने प्रयास गरिएको छ।

इञ्जिनियरिङ भनेको श्रृजना (Creation) र नवप्रवर्तन (Innovation) हो। हाम्रो दैनिक जीवनमा प्रयोग हुने तथा सहयोगी हुने सम्पूर्ण चिजहरुको श्रृजना इञ्जिनियरहरुले गरेका हुन्। हाल नेपालमा ८१ हजार इञ्जिनियरहरु काउन्सिलमा दर्ता भएका छन्। एकिन तथ्यांक नभएता पनि ति मध्ये करिब आधा अर्थात् ४० हजार इञ्जिनियरहरु अन्य देशमा गएका छन् भने यहाँ भएका धेरै इञ्जिनियरहरु विदेश जाने तयारीमा छन्।

हाल नेपालमा रहेका तिनै तहका सरकारको मुख्य नीति पूर्वाधारहरुको विकास (सडक, खानेपानी, सिँचाइ विद्युत् टेलिकम आदि) उद्योग विस्तार, उत्पादन वृद्धि, व्यवस्थित तथा बस्ति विकास जस्ता कुराहरु हुन्। खास गरी स्थानीय तहहरु डिजिटलाइज्ड/स्मार्ट, योजनाबद्ध बस्ति विकासको योजना लिएर अगाडि बढेका छन्। जुन उद्देश्य पूरा गर्नको लागि सबै क्लस्टरका इञ्जिनियरहरुको आवश्यकता पर्दछ। साइज हेरिकन सानो पालिकामा पनि एक जना सिभिल, एक जना आर्किटेक्ट (प्लानर), एक जना इलेक्टिकल, एक जना कम्युनिकेशन, एक जना स्टक्रचर (डिजाइनर), एक जना Quality Controller र एक जना Team Leader गरी कम्तीमा सात जना इञ्जिनियरको आवश्यकता पर्दछ। वातावरणीय, कृषि, अटो मेकानिकल जस्ता इञ्जिनियरहरु समेत आवश्यक देखिन्छ। तर हाल एक जना सिभिल इञ्जिनियर राखेर मात्र काम चलाइरहेको अवस्था छ। जसले गर्दा पालिकाको विकास र समृद्धिको लक्ष्य पूरा हुन सकेको छैन भने इञ्जिनियरहरुले काम गर्ने अवसर पाएका छैनन्। अझैं भन्नु पर्दा राज्यलाई इञ्जिनियर चाहिएको छ, परिचालन गर्ने नीति छैन, इञ्जिनियरलाई काम चाहिएको छ, अवसर पाएका छैनन् र विदेशिन बाध्य छन्।

प्रदेश सरकारका विकासे मन्त्रालय र मातहतका कार्यालयहरुमा पनि योजनाको संख्या, बजेटअनुसारको ठेक्का व्यवस्थापन, सुपरभिजन, निर्माण व्यवस्थापन गर्न पुग्ने इञ्जिनियरहरुको दरबन्दी छैन। छ/सात जना इञ्जिनियर चाहिने ठाउँमा एक जना इञ्जिनियरले काम गरेको अवस्था छ। प्रदेश सरकारले पनि विकास लक्ष्य बमोजिम इञ्जिनियरहरुको दरबन्दी कायम गर्न सकेको छैन भने केन्द्र सरकारको पनि उस्तै हालत छ।

प्राईभेट कम्पनी / उद्योगहरुमा पनि इञ्जिनियरहरु नराखि सामान्य प्राविधिकबाट काम चलाउने चलन छ। इञ्जिनियरहरुलाई प्रयोग गर्दा कम्पनीको स्तर, नाफा, Turnover, Profile वृद्धि हुने कुरा बुझ्न र बुझाउन सकिएको अवस्था छैन। इञ्जिनियर भनेको यस्तो जनशक्ति हो जसले संस्थाबाट आफूले लिएको पारिश्रमिकभन्दा धेरै गुणा प्रतिफलसम्बन्धी संस्थालाई दिन्छ।

अर्को मुख्य कुरा उद्यम तथा उत्पादन बिना समृद्धि सम्भव छैन। उद्यम तथा उत्पादनमा पनि इञ्जिनियरहरु आफैं लाग्नु पर्ने आवश्यक छ र राम्रो पनि हुन्छ। इञ्जिनियरहरुलाई Certificate र Project Proposal पेश गरे पछि बिना धितो ीयबल दिनु उपयुक्त हुन्छ। अर्को कुरा नेपाल सरकारले घोषणा गरेको Start UP Business मा धेरैभन्दा धेरै इञ्जिनियरलाई जोड्न आवश्यक छ।

सरकारी तथा प्राइभेट सबै ठाउँमा धेरै इञ्जिनियरको आवश्यक रहेको तर सम्बन्धित पक्षले नबुझेर भनौ वा नचाहेर भनौ वा आवश्यक लबिङ नपुगेर राज्यको आवश्यकता पूरा हुने र इञ्जिनियरहरुले अवसर पाउने कुरा जोड्न सकिएको छैन।

इञ्जिनियरहरुको प्रभावकारी परिचालन बिना समृद्धि र समुन्नति सम्भव छैन भन्ने कुरा तीनै तहका सरकारलाई बुझाउन अति आवश्यक छ। त्यसैगरी बिदेश नगई यहि नै अवसर श्रृजनाको लागि प्राईभेट उद्योग तथा कम्पनीमा पूर्ण आत्मविश्वासका साथ काम गर्ने वातावरण बनाउन आवश्यक छ। अझ धेरै इञ्जिनियरलाई उद्यमी बनाउन आवश्यक छ।

आफूलाई चाहिएका इञ्जिनियरहरुको भर्ना र परिचालन गर्ने नीति बनाउन र यही देशमा अवसर छ भनी भविष्यको सुखद कल्पनासहित यही माटोमा परिश्रम गर्न इञ्जिनियरहरुलाई उत्प्रेरणा दिन आवश्यक छ। उक्त काममा नेपाल इञ्जिनियर्स एशोसिएसन जस्ता संस्था र अन्य शुभेच्छुक पेशागत संस्थाहरुको कडा लबिङको आवश्यकता देखिन्छ।

**गौतमबुद्ध...**

आरएनपी-एआर प्रणाली लागू भए पनि विदेशी एअरलाइन्सका जहाजहरुले उडान र अवतरण गर्न भने समय लाग्ने तिवारीले बताए।

यो विधि लागू गर्ने विदेशी एअरलाइन्स कम्पनीहरुले सम्बन्धित देश र नेपाल नागरिक उड्डयन प्राधिकरणको प्रावधान पूरा भएको आधारमा अनुमति लिनुपर्ने हुन्छ। त्यसपछि पाइलटहरुलाई यो विधिमा अवतरण गराउन तालिम (टेस्ट फ्लाइट) चाहिने हुँदा यी सबै प्रकृया पूरा गर्न समय लाग्ने तिवारीले खुलाए।

'हाल गौतमबुद्ध यान्त्रिक विधि (आइएफआर) मा उडान गर्दा न्यूनतम भिजिबिलिटी १८०० मिटर चाहिने अवस्था रहेकोमा अब आरएनपी-एआर विधिमा ९०० मिटर भिजिबिलिटी भए जहाज अवतरण गर्न सक्नेछन्,' तिवारीले भने-'यो विधि एउटा फ्लाइङ रुट हो, जसमा कुन डाइरेक्सन,कुन एङ्गलबाट जहाज एअरपोर्टमा ल्याण्ड गर्ने भन्ने पाइलटले फलो गर्नुपर्छ।'

त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा रहेको आरएनपी-एआर प्रणालीले ११ सय मिटरको न्यूनतम भिजिबिलिटिमा काम गर्छ भने गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थलमा ९०० मिटरको भिजिबिलिटिमा काम गर्ने उनले जानकारी दिए।

भिजिबिलिटीको समस्या देखाउँदै उडान बन्द गरेको जजीराले फेब्रुअरी १ बाट उडान गर्ने छ। फ्लाई दुबईले १३ जनवरीबाट उडान सुरु गरेको छ। कतार एअरवेजले ३० नोभेम्बरसम्मको मात्र उडान अनुमति लिएको थियो। त्यसयता उडान गर्ने टुंगो छैन।

महाप्रबन्धक तिवारीका अनुसार हालसम्म फ्लाई दुबईले आरएनपी-एआर एप्रोच प्रणाली लागू गर्न चासो र रुचि देखाएको छ भने जजीरा एअरलाइन्सका केही जहाजमा यो प्रणाली जडान छ। जजीराले 'लो भिजिबिलिटी'मा गौतमबुद्ध विमानस्थलमा टेस्ट फ्लाइट गरेर सफल भएमा निरन्तरता दिन सक्ने तिवारीले बताए।

उद्घाटनको ३ वर्ष पुग्न लाग्दा समेत विमानस्थलबाट अन्तर्राष्ट्रिय उडान पर्याप्त र नियमित नचल्दा रुपन्देहीमा ठूला होटलसहित पर्यटन व्यवसायमा निजी क्षेत्रले गरेको अर्बौं लगानीले प्रतिफल उठाउन नसकेको भन्दै व्यवसायीहरु निराश छन्।

सरकारले विमानस्थल राम्ररी चल्न अत्यावश्यक श्रम स्वीकृति, मेडिकल जाँच, भिसा, म्यानपावर कम्पनीका शाखा, एयरलाइन्स कम्पनीका सम्पर्क कार्यालय भैरहवामा स्थापना नगर्दा श्रमिक तथा व्यवसायीलाई काठमाडौं नै धाउनुपर्ने बाध्यताले भैरहवा विमानस्थलले पर्याप्त यात्रु पाउन सकेको छैन।

भैरहवा विमानस्थलबाट जहाज चढ्ने यात्रु पर्याप्त हुन नदिन काठमाडौं केन्द्रित ठूला ट्राभल एजेन्सीले अन्तर्राष्ट्रिय हवाई टिकटमा कार्टेलिङ गरेर स्थानीय ट्राभल एजेन्सीलाई टिकट काट्न पोर्टल खुला नगरेकाले ९५ प्रतिशत टिकट काठमाडौंबाटै बिक्री गरेको स्थानीय ट्राभल एजेन्सीहरुको गुनासो छ।

हजाई टिकट बिक्रीको सिन्डिकेट अन्त्य गर्न पटक-पटक आग्रह गरे पनि सुनुवाइ नभएको उनीहरुको गुनासो छ। भैरहवाबाट उडान गर्ने सबै एयरलाइन्सको टिकट काउन्टर र सम्पर्क कार्यालय विमानस्थलमा हुनुपर्ने, अनलाइन भिसा र इन्टरनेसनल डिजिटल डाइरेक्ट पेमेन्ट प्रणाली हुनुपर्ने तथा बौद्धमार्गी बाहुल्य देश चीन, भियतनाम, म्यानमार, श्रीलंका, भुटान, जापानलगायतबाट सरकारले सिधा उडान हुन सके मात्र गौतमबुद्ध विमानस्थल दीगोरुपमा चल्न सक्ने सिद्धार्थ उद्योग वाणिज्य संघका अध्यक्ष ठाकुरकुमार श्रेष्ठ बताउँछन्।

**सिद्धबाबा...**

जसले गर्दा सवारीसाधन गुडाउन एक वर्ष अझैं लाग्ने बताइएको छ। आयोजनाका अनुसार सुरुङ मार्गको उत्तर र दक्षिणतर्फको बाहिरी सडकको स्तरोन्नतिको काम र रकनेट गर्ने काम बाँकी छ। रकनेटका लागि पहाडको थोरै भाग काट्ने र नेट बिछ्याउने काममा केही ढिलाइ भएको छ।

योजना प्रमुख अधिकारीका अनुसार रक सेड, पहुँच सडकको निर्माण, सुरुङभित्र ढलान, भेन्टिलेसन, लाइनिङ, लाइटिङ, अक्सिजन, सुरक्षाका उपाय, आगो निभाउने यन्त्र जडानलगायतका काम गर्न बाँकी छ।

बाहिरपट्टिको खण्डमा रक सेड, रक फल ब्यारियर, स्लोप प्रोटेक्सनको काम हुनेछ । त्यसबाहेक सडकमा ९०० मिटर लामो ढुंगा रोक्ने छानो रक सेड पनि बनाउनुपर्नेछ। त्यसबाहेक करिब एक किलोमिटर क्षेत्रमा ढुंगा खस्नबाट रोक्न जाली पनि बाँधिनेछ । यस खण्डमा सडकलाई दुई लेनको बनाउने गरी काम हुने आयोजनाले जनाएको छ ।

यस्तै सम्झौता शर्तअनुसार सुरुङ मार्गको वारेन्टी, सञ्चालन तथा मर्मतसम्भारको लागि ५ वर्ष तोकिएको छ। यो ५ वर्षसम्म सञ्चालन र मर्मतसम्भार गर्ने जिम्मेवारी ठेक्का पाउने कम्पनीकै हुनेछ। निर्माणकै क्रममा रहेकाले यो सुरुङमार्ग प्रयोग गरी सवारीसाधन गुडाउनेले शुल्क तिर्नुपर्ने वा नपर्ने विषयमा अहिले मोडालिटी तयार भएको छैन । सुरुङ मार्गमा ६० किलोमिटर प्रतिघण्टाको दरले सवारीसाधन गुडाउन पाइने व्यवस्था छ।

बुटवल-गोरूसिंगे सडक विस्तारको शिलान्यास हुने

रूपन्देही र कपिलवस्तु जोड्ने मुख्य राजमार्ग स्तरोन्नतिको शिलान्यास गरिने भएको छ। प्रधानमन्त्री ओलीले बुटवल-गोरूसिंगे-चन्द्रौटा सडक खण्डको शिलान्यास गर्ने कार्यक्रम तय गरिएको हो।

सडक आयोजना प्रमुख कुशलता न्यौपानेले प्रधानमन्त्री सुरुङ मार्गको 'ब्रेक थ्रु' सेलिब्रेसन गर्न आउँदा त्यही मौकामा सडकको औपचारिक शिलान्यास कार्यक्रम राखेको जानकारी दिइन्। बुटवल जितगढीमा सडक शिलान्यास कार्यक्रम रहेको छ।

**मासु...**

बाख्री (स्त्रीजाति) को मासु बिक्री वितरण गर्ने गरी दर्ता हुने एवं दर्ता भएका मासु व्यवसायीहरुका लागि मासु व्यवसायी संघको सिफारिसमा उप-महानगरपालिकाले बध गर्न बधशालामा पठाउन सक्ने र बाख्रीको मासु पसल हो भन्ने चिनारीसहित छुट्टै पसलबाट बिक्री वितरण गर्न पाइने, तर एउटै व्यक्तिले एउटै पसलमा भालेजाति र स्त्रीजाति चौपायाको मासु बिक्री वितरण गर्न/गराउन नपाउने सहमति भएको छ।

विना दर्ताका व्यवसायीहरुले टोल टोल, हाटबजार र सडकको छेउछाउमा खुल्ला रुपमा माछालगायत सबै प्रकृतिका मासु बिक्री वितरण कार्यलाई बन्द गराइने, व्यवसायीहरु बधशाला सञ्चालनमा सहभागी हुँदा ठूलो संख्यामा कर्मचारीहरु बेरोजगार हुनेहुँदा बधशाला सञ्चालकले आवश्यक कर्मचारी नियुक्ति गर्दा मासु व्यवसायमा संलग्न अनुभवी व्यक्तिहरुलाई प्राथमिकता दिनुपर्ने सहमति भएको छ।

बधशालामा बध गरेको मासु सम्बन्धित व्यवसायीको पसलमा पुऱ्याउँदा गुणस्तरमा कुनै गुनासो भएमा त्यसको जिम्मेवारी पूर्णरुपमा बधशाला सञ्चालकले लिनुपर्ने, मासु व्यवसायी संघ नेपाल, रुपन्देहीको कार्यालय भवन निर्माणका लागि उपयुक्त स्थानमा जग्गा उपलब्धताको लागि प्रचलित कानुन बमोजिम आवश्यक पहल गर्ने र जग्गा उपलब्ध भएमा वार्षिक बजेट व्यवस्था गरिने सहमतिपत्रमा उल्लेख छ।

मासु व्यवसायीबाट प्रस्ताव भई आएका क्षमता अभिवृद्धि साथै पसल सुधार, कार्यालय सञ्चालन, व्यवस्थापनका लागि अनुदान दिन वार्षिक नीति तथा कार्यक्रम र बजेटमा व्यवस्था गरिने सहमति भएको छ।

पशु बधशालामा पशु स्वास्थ्य परीक्षणको अवस्था, प्रशोधन प्रकृया, शुद्धताको अवस्था निरीक्षणका लागि मासु व्यवसायीको प्रतिनिधिलाई सिसिटिभि फुटेज हेर्ने व्यवस्था मिलाइने र आवश्यक भएमा उप-महानगरपालिकाको रोहबरमा मासु व्यवसायीले अनुगमन एवं निरीक्षण गर्न सक्ने सहमति भएको छ।

सहमतिपत्र आदान प्रदान गर्दै बुटवल उप-महानगरका प्रमुख खेलराज पाण्डेयले व्यवसायीको साथ र सहयोगविना बधशालाको दीगो सञ्चालन सम्भव नभएकाले व्यवसायीका माग सम्बोधन गर्न २५ बुँदे सहमति गरिएको बताए।

मासु व्यवसायी संघ रुपन्देहीका अध्यक्ष विशाल थापाले व्यवसायीले सरकारले तोकेका मापदण्ड पूरा गरेर आफैं साना, मझौला र ठूला बधशाला स्थापना र सञ्चालन गर्न पाउनुपर्ने आफूहरुको मुख्य मागमा उप-महानगरपालिका सहमत भएकाले हाललाई बधशाला सञ्चालनमा सहयोग गर्न तयार भएको बताए। फोर पी मोडलमा बधशाला चलाउने पूर्व सहमति विपरीत उपमहानगर गएपछि व्यवसायीहरु आन्दोलित भएका थिए। व्यवसायीहरु बधशालामा नगएपछि ठेक्का पाएको मुक्तिनाथ लाइभस्टक बैंकलाई सञ्चालन गर्न सकस परेको थियो।


## कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना

मिति २०७९/०४/१३ गते दर्ता नं. २९४८५१ मा दर्ता भएको टायल्स संसारप्रा.लि.को मिति २०८१/०५/२८ मा सम्पन्न विशेष साधारण सभा तथा कम्पनी रजिष्ट्रार कार्यालयको मिति २०८१/०५/२८ को निर्णय अनुसार कम्पनीको सम्पुर्ण दायित्व परिवर्तित नामको कम्पनीले सकार्ने गरि उक्त कम्पनीको नाम बाथवेयर संसार प्रा.लि. (Bathware Sansar Pvt. Ltd.) कायम गरिएकोले सोहि व्यहोरा सम्बन्धित सवैको लागी सूचित गरिन्छ।


## सच्याइएको

मिति २०८१।१०।०७ गते यस राष्ट्रिय दैनिक लुम्बिनी पत्रिकामा प्रकाशित पृथ्वीचन्द्र अस्पताल रामग्राम नवलपरासीको सेवा करार पदपूर्ति सम्बन्धी सूचनाको विज्ञापन नं.२ को कैफियतमा स्तनपान कार्यक्रम करार हुनुपर्नेमा अन्यथा भएकोले सच्याइएको छ।

विज्ञापन शाखा

---

गण्डकी प्रदेश सरकार
भौतिक पूर्वाधार विकास तथा यातायात व्यवस्था मन्त्रालय
पूर्वाधार विकास निर्देशनालय
**पूर्वाधार विकास कार्यालय,**
नवलपरासी (बर्दघाट सुस्तापूर्व)
गण्डकी प्रदेश

## बोलपत्र स्वीकृत गर्ने आशयको सुचना

(सूचना प्रकाशित मिति २०८१ /१०/११)

यस कार्यालयबाट २०८१।०९।०५ मा राष्ट्रिय दैनिकमा तथा https://bolpatra.gov.np/egp/मा प्रकाशित बोलपत्र आव्हानको सुचना बमोजिम बिभिन्न देहाय बमोजिमका ठेक्काहरुमा E–GP system (www.bolpatra.gov.np/egp) मार्फत पेश हुन आएका बोलपत्रहरू मध्ये तपसिलमा उल्लेखित बोलपत्रहरु न्यूनतम मुल्याङ्कित सारभुत रूपमा प्रभाबग्राही भई स्वीकृतको लागि छनौट भएको हुँदा सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ को उपदफा २ को प्रयोजनार्थ सम्बन्धित सबै बोलपत्रदातालाई जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

**तपसिल**

| क्र.स. | कार्यको विवरण | छनोट भएका बोलपत्रदाता | कबोल रकम (मु.अ.क. र पि.एस. समेत) NRs |
|---|---|---|---|
| 1 | Rammandir purbadekhi chuwadi samma kalopatre, Devchuli1, Contract ID : IDO-NAW(BSE)-W-NCB-19-2081/82 (re) | M/S Anisha Construction, ,Nawalaparasi(B.S.E.) | 28,11,413.24 |
| 2 | Upgrading of different road of Gaidakot Municipality 10,11,12,13,14&15, Contract ID : IDO-NAW(BSE)-W-NCB-24-2081/82 | M/S Sathi Society Construction, Baijanath-1 Banke | 1,35,08,097.42 |
| 3 | Mathartandi motarbato starunnati, Bulingtar-2, Contract ID : IDO-NAW(BSE)-W-NCB-25-2081/82 | M/S Khandaluk Construction & Suppliers, Bulingtar-3 | 22,39,849.39 |
| 4 | Kaligandaki corridor dekhi ghumari jane sadak, Buligtar 6, Contract ID : IDO-NAW(BSE)-W-NCB-26-2081/82 | M/S Sarbashrestha construction and suppliers pvt.ltd, Dedgaun | 22,39,245.13 |
| 5 | Upgrading of different road in Bulingtar Rural municipality (Bulingtar-3), Contract ID : IDO-NAW(BSE)-W-NCB-27-2081/82 | M/S Khandaluk Construction & Suppliers, Bulingtar-3 | 46,02,893.83 |
| 6 | Milan chowk dekhi bipiyas petroliya hudainil pokhari jane bato Devchuli5, Contract ID : IDO-NAW(BSE)-W-NCB-29-2081/82 | M/S Pabitra Builders and Suppliers, Kawasoti | 28,97,603.85 |
| 7 | Pragati chowk paschim 10 ghare sadak nirman, kawaso-ti-2, Contract ID : IDO-NAW(BSE)-W-NCB-30-2081/82 | M/S Pabitra Builders and Suppliers, Kawasoti | 28,16,167.53 |
| 8 | Upgrading of Binaya tribeni 3,4,5 hudai palpa jodne road and sadakako bich bhaga ma parne khorandi khola ma sadakpul Contract ID : IDO-NAW(BSE)-W-NCB-31-2081/82 | M/S A.D.T.H. Construction & Suppliers Pvt.Ltd.BinayiTribeni 02 | 87,38,050.90 |
| 9 | Upgrading of different road of Madhyabindu 10 and-Binayi Tribeni 3,4, Contract ID: IDO-NAW(BSE)-W-NCB-33-2081/82 | M/S A.D.T.H. Construction & Suppliers Pvt.Ltd.BinayiTribeni 02 | 78,23,988.49 |
| 10 | Nawalpur Bahumukhi Campusko Bhautik samrachana Marmat TathaSudhar, Kawasoti-14, Contract ID: IDO-NAW(BSE)-W-NCB-34-2081/82 | M/S Neupane Multipurpose, Bharatpur metropolitoncity, ward no. 9 | 19,50,084.98 |

कार्यालय प्रमुख

---

# Shitaganga Municipality
## Office of Municipal Executive
Thada, Arghakhanchi

## Invitation for Bid

Date of publication: 2081-10-11 (24th Jan,2025)

Shitaganga Municipality, Office of the Municipal Executive, Thada Arghakhanchi invites electronic bids system from eligible bidders under PPMO's e-GP system www.bolpatra.gov.np/egp for following works under national competitive bidding system. All others information and bid document can be downloaded from PPMO's e-GP system www.bolpatra.gov.np/egp.For detail information contact in office.

***Information to deposit the cost in the Bank:*,**
Name of the Bank: Rastiya Banijya Bank, Thada, Arghakhanchi
Name of Office: Shitaganga Municipality, Thada, Arghakhanchi
Rajaswa (Internal revenue) Account no. : 3380100301010003 (For Bid Document)
Dharauti Khata no.:3380100303010003 (For Bid Security)

| Tender No. | Name of Project | Bid Price (Non Refundable) | Bid Security Amount In NRs | Bid security valid period | Last date of Bid submission | Bid Open | Estimated Amount (including VAT&P.S) |
|---|---|---|---|---|---|---|---|
| 35-SM/W30/ NCB/2081/082 | Sitapur Subarna khalChaupari Neta pokhara Road (2nd Package) | NRs. 3000.00 | 1,10,000.00 | 120 Days | 24thFeb 2025. 12:00 noon | 24thFeb 2025. 13:00 noon | NRs. 46,47,636.85 |
| 36-SM/W31/ NCB/2081/082 | Khamari Durga Mandir Paryetakiye Purwadhar Nirman | | 50,000.00 | | | | NRs. 20,64,728.66 |
| 37-SM/W32/ NCB/2081/082 | Construction of Jaluke Health Centre | | 1,00,000.00 | | | | NRs. 41,71,258.33 |
| 38-SM/W33/ NCB/2081/082 | Construction of Pakuri Ma.Vi. Hostel Building | | 90,000.00 | | | | NRs. 35,56,073.05 |
| 39-SM/W34/ NCB/2081/082 | Chakla Harre Bohkhar Pakuri Road (2nd Package) | | 1,10,000.00 | | | | NRs. 43,96,560.72 |
| 40-SM/W35/ NCB/2081/082 | Simalpani Cheda Paryetakiye Purwadhar Nirman | | 90,000.00 | | | | NRs. 36,01,036.75 |
| 41-SM/W36/ NCB/2081/082 | Khayer bhatti Forsal Suparineta bake hare Road (Sahid Tara Tej SmritiMarg) | | 2,00,000.00 | | | | NRs. 81,99,809.20 |
| 42-SM/W37/ NCB/2081/082 | Thada Amarai Jukena Deurali Airawati Road (Patanjali Marg) 2nd Pack-age | | 1,25,000.00 | | | | NRs. 50,28,544.18 |

Chief Administrative Officer

---

# मध्यविन्दु नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
**चोरमारा, नवलपरासी (वर्दघाट सुस्तापूर्व)**
**गण्डकी प्रदेश, नेपाल**
२०७३

## नदिजन्य पदार्थको लिलाम बढाबढ सम्बन्धी सूचना

प्रकाशित मिति :२०८१/१०/११

यस नगरपालिकाको क्षेत्रभित्र रहेको तपशिलमा उल्लेखित स्थानमा रहेको निम्न परिमाणको नदिजन्य पदार्थ (ढुङ्गा) नगर कार्यपालिकाको मिति २०८१/०९/२५को निर्णयानुसार लिलाम बढाबढगर्ने प्रयोजनको लागि यो सूचना प्रकाशित गरिएको छ। सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र कानुन बमोजिम ईच्छुक फर्महरूले लिलाम बढाबढको निर्धारित फाराम खरिद गरी देहायको मिति र समय भित्र बोलपत्र फाराम यस नगर कार्यपालिका भित्र पेश गर्नु पर्नेछ। अन्य थप जानकारीको लागि कार्यालय समय भित्र यस नगर कार्यपालिकाको कार्यालयमा सम्पर्क राख्न सकिने छ।

**तपशिल :-**

| आय ठेक्का नं. | स्थान | परिणाम (घ.मि.) | न्युनतम कबोल अंकVAT बाहेक | धरौटी रकम प्रतिशत | फाराम दस्तुर |
|---|---|---|---|---|---|
| R.B.M./ W1/081/082 | तमसरीया प्रहरी चौकीको उत्तर तर्फ | ६१२ | ४९०,१७८.०० | भ्याट सहितकबोल अंकको ५% | १,०००/- |

**शर्तहरुः-**

१- उपरोक्त लिलाम बढाबढको लागि सूचना प्रकाशित भएको मिति २०८१/१०/११देखि २०८१/१०/२५ गतेसम्म कार्यालय समय भित्र फाराम खरिद गर्न र मिति २०८१/१०/२७ गते दिउसो १२:०० बजे भित्र यस कार्यालयमा बोलपत्र फाराम बुझाउनु पर्नेछ। मिति २०८१/१०/२७ गते २:०० बजे लिलाम बढाबढको बोलपत्र फाराम प्रोप्राइटर वा निजको प्रतिनिधिको रोहबरमा खोलिनेछ। प्रोप्राइटर वा निजको प्रतिनिधि उपस्थित नभएपनि लिलाम बढाबढको बोलपत्र फाराम खोल्न बाधा पर्ने छैन।
२- ठेक्का साकार गर्ने फर्मले नदिजन्य पदार्थ (ढुंगा) वापत नगरपालिकालाई बुझाउनुपर्ने सम्पूर्ण रकम एकमुष्ट दाखिला पश्चात मात्र सम्झौता गरी नदीजन्य पदार्थको निकासीको पट्टा प्रदान गरिनेछ।
३- माथि उल्लेखित लिलाम बढाबढ गरिने नदिजन्य पदार्थहरुको ठेक्काहरुको कबोल अंकको मूल्य अभिबृद्दी कर १३% राजस्व ठेक्का स्वीकार गर्ने फर्मले सम्बन्धित आन्तरिक राजस्व कार्यालयमा बुझाई सोको प्रमाण यस कार्यालयमा पेश गर्नु पर्नेछ। साथै कबोल अंकको १.५% रकम अग्रिम आयकर वापत सम्बन्धित आन्तरिक राजस्व कार्यालयमा बुझाई सोको प्रमाण समेत पेश गर्नु पर्नेछ।
४- धरौटी बापत कबोल अंक ५% ले हुन् आउने रकम यस कार्यालयको चोरमारा स्थित नेपाल बैक लिमिटेडमा रहेको खाता नं. ३१८०३०००००३००१००००१ मा नगद दाखिला गरेको सक्कल भौचर फाराम साथ संलग्न गरि पेश गर्नु पर्नेछ। धरौटी बापतको रकमलाई किस्तामा समाबेश गर्न पाईने छैन र उक्त धरौटी रकम कामकाज सम्पन्न भए पश्चात नियमानुसार कागजात पेश गरेपछि फिर्ता गरिने छ।
५- कारण जनाई वा नजनाई लिलाम बढाबढको फाराम स्वीकृत गर्ने वा नगर्ने अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ।
६- लिलाम बढाबढको ठेक्कामा कुनै बिबाद आएमा मध्यबिन्दु नगर कार्यपालिकाको निर्णय अन्तिम हुनेछ।
७- लिलाम बढाबढको कबोल अंक र अक्षर दुबैमा खुलाउनु पर्नेछ। अंक र अक्षर फरक परेमा अक्षरलाई मान्यता दिइनेछ।
८- यस सूचना तथा लिलाम बढाबढको ठेक्काका अन्य शर्तहरु पुरा नभएकाबोलपत्र फारामहरु मुल्यांकनमा समाबेश गरिने छैन। अन्य कुराहरु नेपाल सरकारको प्रचलित कानून बमोजिम हुने छ।

**-प्रमुख प्रशासकीय अधिकृत**


## ट्वाइलेट सफा गराउनुहोस्

सेफ्टी ट्याङ्की, भरिएर, शिरनाली जाम भएर समस्या परेको छ ?
हामी तपाईंको समस्या तुरून्त ५ मिनेटमै हल गरी दिनेछौं।
क्षेत्रः लुम्बिनी, भैरहवा, परासी, बुटवल मर्चवार



प्रो. रामशाह शाहानी
**विशाल सेनेटरी**
बर्मेलीटोल, भैरहवा
मो.9847324755,9804406297

## ट्वाइलेट सफा गराउनुहोस्

तपाईको सहर बुटवल तथा लुम्बिनी अंचलमा आधुनिक जापानीय मेशिनद्वारा सेफ्टी टंकी ट्वाइलेटको रिङ्ग भरिएमा १० मिनेटमा नै सफा गरिनेछ।

- ट्वाइलेट, वाथरुम, किचन र नाली जाम भएमा हामीलाई सम्झनुहोस्।
- लोडसेडिङ्ग भएको बेलामा पनि अत्याधुनिक भ्याकुमद्वारा १० मिनेटमै सफ्टी टंकीको रिङ खाली गरिने छ।

सुपथ मूल्यमा काम गर्ने र गराउन हामीलाई एक चोटी सेवा गर्ने मौका दिनुहोस

सम्पर्कः
**सीताराम सफा सेनेटरी**
भैरहवा
९८६९७८९२७५,९८००७६०६२२

## ट्वाइलेट सफा गराउनुहोस्

के तपाईंको घरको शिट, नाली, जाम भयो भने चिन्ता नलिनुहोस र सेनेटरी जगतमै बढी क्षमता, अत्याधुनिक प्रविधि, पावर फूल रोटर भ्याकुम पम्प, बिजुली नचाहिने एक मात्र सेनेटरीलाई सम्पर्क गर्नुहोस्। लोडसेडिङ्गको बेला पनि सेवा दिइने छ।

सम्पर्कः
**तिनाउ सेनेटरी**
बुटवल–१०, सुख्खानगर, रूपन्देही,
फोनः ९८५७०५८८१३,९८०७१८०८१३

# सामाजिक सञ्जाल नियमन गर्न कानुन बन्दैछ: सञ्चारमन्त्री




बुटवल । सञ्चार तथा सूचना प्रविधिमन्त्री पृथ्वीसुब्बा गुरुङ्गले सामाजिक सञ्जाल नियमन गर्न छिट्टै कानुन बन्ने बताएका छन् । उनले संसदको आउँदो हिउँदे अधिवेशनमा यससम्बन्धी कानुन बन्ने जानकारी दिए ।

प्रेस चौतारी रूपन्देहीले बिहीबार बुटवलमा गरेको पत्रकार सम्मेलनमा उनले सामाजिक सञ्जालको गलत दुरुपयोगले सबैलाई अफ्ठेरो परेको बताए । 'सरकार र नेतालाई भन्दा बढी यसको दुरुपयोगले समाजमा धेरैलाई समस्या परेको छ। दुरुपयोग गर्नेलाई कारबाही गर्न कानुन भएनू, अब कानुन छिट्टै बन्छ ।'-उनले भने । सरकारले अध्यादेश ल्याउनका लागि पहलकदमी भए पनि नियमित प्रक्रियामै कानुन बनाउने सल्लाह भएको उनले बताए ।

मन्त्री गुरुङले राष्ट्रिय सहमतिमा मात्र संविधान संशोधन हुने बताएका छन् । संविधान संशोधनको कुरा प्रतिपक्षले अनावश्यक प्रचार गरेको उनको दाबी छ । संघीयता, धर्मनिरपेक्षता, समानुपातिक र समावेशिता परिवर्तन नहुने मन्त्री गुरूङको भनाइ छ । राजनीतिक स्थिरताको लागि संविधान संशोधन गर्न खोजिएको बताउँदै उनले सुशासन कायम नगरेसम्म देशको विकास हुन नसक्ने धारणा राखेका थिए ।मन्त्री गुरुङ्गले कानुनी शासन लागू नभए समस्याहरु थपिएको बताउँदै मुलुकमा सुशासन कायम गर्न १३ वटा पुराना कानुनलाई अध्यादेशमार्फत् संशोधन गर्न खोजिएको जानकारी दिए । उनले राजनीतिक स्थिरता र संविधानको रक्षाका लागि कांग्रेस र एमाले मिलेर वर्तमान सरकार बनेको बताए । देशको तहसनहस भएको अर्थतन्त्र सुधार गर्न सरकार प्रतिबद्ध रहेको उनको भनाइ छ ।

उनले सरकार बनेदेखि विकासका कामले गति लिएको बताउँदै सत्तारूढ दलभित्र कुनै बिमति नरहेको दाबी गरे । उनले भने-'सरकारविरुद्ध गठबन्धनमा एक प्रतिशत पनि समस्या छैन, कसैले सस्तो राजनीतिक प्रचार गर्नका लागि केही बोलेर हुने होइन, दुई पार्टीको मूल नेतृत्व गठबन्धनमा ढुक्क छ। दुई दलबिच भएको सहमति पूर्ण समय चल्छ ।'

# देवदहमा औद्योगिक व्यापार मेला सुरु




देवदह । देवदह व्यापार संघको आयोजनामा रुपन्देहीको देवदहमा ९औं राष्ट्रिय देवदह औद्योगिक व्यापार मेला, कृषि तथा पर्यटन महोत्सव बिहीबारदेखि सुरु भएको छ ।

रुपन्देहीको देवदहमा सुरु भएको ९औं राष्ट्रिय देवदह औद्योगिक व्यापार मेला, कृषि तथा पर्यटन महोत्सव-२०८१ को उद्घाटन सञ्चार तथा सूचना प्रविधिमन्त्री पृथ्वीसुब्बा गुरुङ्गले गरेका हुन् । नेपाल सरकारका प्रवक्ता समेत रहेका मन्त्री गुरुङ्गले संघीयता, धर्म निरपेक्षता, समानुपातिक र समावेशीता परिवर्तन नहुने भन्दै राजनीतिक स्थिरताको लागि संविधान संशोधन गर्न खोजेको बताए ।

मन्त्री गुरुङ्गले सुशासन कायम नगर्दासम्म देशको विकास हुन नसक्ने हुँदा कानुनी शासन कायम नहुँदा समस्या बढेको बताएका थिए । उनले मुलुक र नागरिकको लागि सुशासन कायम गर्न १३ वटा पुराना कानुनलाई अध्यादेशमार्फत् संशोधन गर्न खोजेको बताए । मन्त्री गुरुङ्गले राजनीतिक स्थिरता, संविधान रक्षाको लागि कांग्रेस र एमाले मिलेर वर्तमान सरकार बनेको बताएका थिए ।

सोही अवसरमा बोल्दै प्रतिनिधिसभा सदस्य छविलाल विश्वकर्माले देवदहवासीको भूमिसम्बन्धी समस्या समाधान गर्न सरकारको ध्यान जान आवश्यक रहेको औल्याएका थिए । उनले देवदह क्षेत्रमा रहेका पुरातात्विक एवं ऐतिहासिक स्थलहरुको उत्खनन् गरी प्रचारप्रसार गर्नु पर्नेमा जोड दिए । पूर्वमन्त्री समेत रहेका सांसद विश्वकर्माले नागरिकलाई अफठ्यारो परेका कुराहरुको सुधार गर्न सरकार तयार हुनु पर्नेमा जोड दिएका थिए ।

देवदह व्यापार संघका अध्यक्ष कोषबहादुर गुरुङ्गको अध्यक्षतामा भएको कार्यक्रममा लुम्बिनी प्रदेशसभा सदस्य निर्मलादेवी चौधरी, देवदह नगरपालिका प्रमुख ध्रुवप्रसाद खरेल, व्यापार संघ लुम्बिनी प्रदेशका अध्यक्ष टंकप्रसाद पोखरेल, देवदह नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत कृष्णप्रसाद सापकोटा, देवदह उद्योग वाणिज्य संघका अध्यक्ष हरि भण्डारीलगायतले आ-आफना भनाइ राखेका थिए ।

कार्यत्रममा प्रतिवेदन प्रस्तुत गर्दै संघका अध्यक्ष गुरुङ्गले महोत्सवले देशको अर्थतन्त्र चलायमान गर्न टेवा पुऱ्याउने बताए । उनले औद्योगिक र पर्यटकीय क्षेत्रको रुपमा विकास गर्न महोत्सवले महत्वपूर्ण भूमिका खेल्नेमा जोड दिए । उनले ६ लाख दर्शकले महोत्सवको अवलोकन गर्ने र करिब १० करोड बराबरको आर्थिक कारोवार गर्ने आयोजकले लक्ष्य लिएको जानकारी दिए ।

देवदह नगरपालिका-७, शितलनगरबाट सुरु भएको विभिन्न झाँकीसहितको ऱ्याली देवदह मण्डपमा पुगेर सभामा परिणत भएको थियो । संघका वरिष्ठ उपाध्यक्ष माधव ढकालको स्वागत र महासचिव हरिलाल भण्डारीको सञ्चालनमा कार्यक्रम सम्पन्न भएको थियो ।

# रविको मुद्दामा थुनछेक बहस जारी



भैरहवा । राष्ट्रिय स्वतन्त्र पार्टीका सभापति रवि लामिछानेलाई बिहीबार पनि परिवार र वकिलहरुको जिम्मामा छाडिएको छ ।

बुटवलस्थित सुप्रिम सहकारी ठगी प्रकरणको आरोप लागेका राष्ट्रिय स्वतन्त्र पार्टीका सभापति तथा पूर्वगृहमन्त्री लामिछानेको बिहीबार भएको थुनछेक बहसमा सरकारी वकिल र पीडितका तर्फबाट गरी १० जनाले बहस गरेका थिए । जिल्ला न्यायाधीश प्रल्हादकुमार योगीको इजलासमा भएको बहसमा अझैं पीडित र प्रतिवादी लामिछानेका तर्फबाट बहस बाँकी रहेकोले उनलाई पुनः बिहीबार पनि परिवार र वकिलहरुको जिम्मामा छाडेका हो ।

सरकारी वकिलहरुले लामिछानेलाई जमानीमा छाडेको भन्दै आपत्ति जनाएका थिए । मुद्दामा थुनछेक बहस सुरु भएपछि वादीका तर्फबाट इजलासमा अभियुक्तलाई प्रहरी हिरासतमा किन नराखिएको र हिरासत राखेर थुनछेक बहस सुरु गर्नुपर्नेलगायत विषयमा बहस भएको थियो । अदालतले अन्य मुद्दाको यस्तै प्रक्रियामा भने अभियुक्तलाई थुनामा पठाउने गरेको छ । मुद्दामा बुधबार लामिछानेको बयान सकिएपछि बिहीबार बिहान साढे १० बजे हाजिर हुने गरी परिवार र कानुनी व्यवसायीको जिम्मामा उनलाई छाडिएको थियो ।

सरकारी वकिलका तर्फबाट उच्च सरकारी वकिलको कार्यालय बुटवलका प्रमुख सह-न्यायाधिवक्ता सोमकान्ता भण्डारी, प्रकाश मरासिनी, रवि न्यौपाने, जिल्ला सरकारी वकिल कार्यालयका प्रमुख प्रेमराज पौडेल, न्यायाधिवक्ता गोकर्णराज घिमिरे, वसन्तराज पोखरेललगायतले बहसमा भाग लिँदै रविले सहकारी ठगी गरेको आधार र प्रमाण प्रस्तुत गरेका छन् ।

जिल्ला अदालत रुपन्देहीका सेस्तेदार यज्ञमूर्ति ज्ञवालीले जिल्ला न्यायाधीश प्रल्हादकुमार योगीको इजलासमा भएको बहसमा अझैं पीडित र प्रतिवादी लामिछानेका तर्फबाट बहस बाँकी रहेको छ। आज शुक्रबार बिहान साढे १० बजेबाट बहस सुरु हुनेछ ।

प्रहरीले सुप्रिम सहकारी रकम ठगीमा पहिलो चरणको अनुसन्धान गरेर गत बैशाख ३ मा लामिछाने, जोशीबाहेकका २८ जनालाई प्रतिवादी बनाएर जिल्ला अदालतमा मुद्दा दायर गरेको थियो ।

लामिछानेसहितका १४ जनाविरुद्ध गत असोज ५ मा पूरक जाहेरी परेपछि इलाका प्रहरी कार्यालयले अनुसन्धान सकेर दर्जन बढी तथ्य र प्रमाणसहित पूरक अभियोग दर्ता गर्न सरकारी वकिल कार्यालयलाई सिफारिस गरेको थियो। दोस्रो चरणको अनुसन्धानपछि पहिलो चरणमा प्रतिवादीलाई पनि कसुर र बिगो थपेर प्रतिवादी बनाइएको छ।

पूरक अभियोगपत्रमा जीबी राई, लामिछाने र जोशीका साथै कुमार रम्तेल, शिवबहादुर गुरुङ, लक्ष्मीप्रसाद पौडेल, दीपक लामा, अनन्तबाबु राई, श्रीवल्लभ नेपाल, शिवप्रसाद पौडेल, वीरबहादुर रानाभाट, विशाल तामाङ, रविना रिमाल, भगवती बम्जनलाई प्रतिवादी बनाइएको छ।

रवि लामिछानेविरुद्ध व्यक्तिगत रूपमा २ करोड र सामूहिक रूपमा २ करोड गरी जम्मा ४ करोड रुपैयाँ बिगो दाबी गरिएको छ। २ करोड रुपैयाँको ऋण लामिछानेको नाममा भएको एक भौचरबाट पनि पुष्टि भएको थियो । यो ऋण १८ चैत २०७७ मा स्वीकृत भएको थियो र ४ लाख सेवा शुल्क कटाएर १ करोड ९६ लाख रुपैयाँ गोर्खा मिडिया नेटवर्कको ग्लोबल आइएमई बैंकमार्फत् जम्मा भएको थियो ।

रूपन्देही सुपरलिग:

# वेष्टर्न क्रिकेट क्लब विजयी




भैरहवा । देव खनालको अलराउण्ड प्रदर्शनमा रुपन्देही सुपरलिग क्रिकेट प्रतियोगिता अन्तर्गत 'ए' डिभिजनको बिहीबारको खेलमा वेष्टर्न क्रिकेट क्लबले मेलवर्न क्रिकेट क्लब (एमसीसी) माथि जित निकालेको छ। वेष्टर्नले एमसीसीलाई ४४ रनले पराजित गरी जित हात पारेको हो ।

भैरहवास्थित सिद्धार्थ क्रिकेट मैदानमा टस हारेर ब्याटिङको निम्तो पाएको वेष्टर्नले निर्धारित ४४ ओभरको खेलमा ४२ ओभर १ बल खेल्दै सबै विकेट गुमाएर १ सय ६५ रन बनायो। उसका लागि देव खनालले ५५ रनको अर्धशतकीय पारी खेले । यस्तै, सन्देश थापाले ३६, अभय ढकालले १७ तथा रन्जित खड्का र दीपेश रोकाले समान १० रन जोडे । बलिङमा एमसीसीका विपिन आचार्यले ४, रमेश कुर्मीले ३ र विजय प्रजापतीले २ विकेट हात पारे ।

प्रतिउत्तरमा एमसीसीले ३४ ओभर २ बलमा सबै विकेट गुमाएर १ सय २१ रन मात्रै बनायो । उसका लागि विजय प्रजापतीले ३४, सन्दीप रजालीले २६ र इकलाख अहम्मद वारिसले २१ रन बनाए पनि जितका लागि पर्याप्त भएन । बलिङमा वेष्टर्नका देव खनाल, सन्देश थापा र इशान पाण्डेले २-२ तथा अभिषेश गौतम, सुझाव थापा र सागर गैह्रेले १-१ विकेट लिए। खेलमा देव खनाल प्लेयर अफ द म्याच भई एक हजार दुई सय रुपैयाँ प्राप्त गरे ।

रुपन्देही क्रिकेट संघको आयोजना र सिद्धार्थनगर नगरपालिकाको सह-प्रायोजनामा जारी प्रतियोगिताको विजेता टिमले नगद १ लाख १ रुपैयाँ र उपविजेताले ५० हजार १ रुपैयाँ नगदसहित ट्रफी, मेडल र प्रमाणपत्र प्राप्त गर्नेछन्। यस्तै, हरेक खेलको म्यान अफ द म्याचले १ हजार दुई सय, म्यान अफ द सिरिजले १५ हजार, बेष्ट ब्याटर, बेष्ट बलर र उदयीमान खेलाडीले जनही ५ हजार रुपैयाँ पाउने संघका कोषाध्यक्ष तथा खेल संयोजक निरजप्रताप खाँणले बताए ।

**विज्ञापन व्यवसाय संचालन गर्दा ध्यान दिनुपर्ने कुराहरु**

-विज्ञापन कारोबार गर्ने विज्ञापन एजेन्सी र संचारमाध्यम विज्ञापन बोर्डमा सूचीकरण गरौं ।
-विज्ञापन बोर्डमा सूचीकरण भएका संचारमाध्यम र विज्ञापन एजेन्सीसँग मात्र विज्ञापनको कारोबार गरौं ।
-विज्ञापन सम्बन्धी कुनै गुनासो भए विज्ञापन बोर्डमा उजुरी गरौं ।
-विज्ञापनदाता, विज्ञापन एजेन्सी र संचारमाध्यमबीच त्रिपक्षीय सम्झौताको आधारमा कारोबार गरौं ।
-संचारमाध्यमबाट जारी बिजकको आधारमा एजेन्सीको शुल्क खुलेको बिलबाट मात्र विज्ञापनको भुक्तान गरौं ।
-सरकारी निकाय तथा कार्यालयको विज्ञापनको रकम भुक्तानी गर्दा तीन प्रतिशत रकम विज्ञापन कोषमा जम्मा गरौं ।

**नेपाल सरकार विज्ञापन बोर्ड**

## रेल दुर्घटनाका मृतकमध्ये चार नेपाली

बुटवल । भारतको महाराष्ट्रमा भएको रेल दुर्घटनामा ज्यान गुमाउने नेपालीको संख्या ४ पुगेको छ। त्यस्तै चार जना घाइते भएका छन् ।

महाराष्ट्रको जलगाउँमा बुधबार दिउँसो भएको दुर्घटनामा ४ नेपालीसहित १३ जनाको मृत्यु भएको छ । महाराष्ट्र सरकारबाट दिल्लीस्थित नेपाली दूतावासलाई प्राप्त विवरणअुनसार मृत्यु हुने ४ नेपालीमा ११ वर्षीय हिमु नन्दराम विश्वकर्मा कोसी प्रदेश, ४० वर्षीय लच्छीराम पासी, ४३ वर्षीया कमला नवीन भण्डारी र ६० वर्षीया जवकला भाटे जयकाडी अछाम रहेका छन् ।

त्यस्तै घाइते हुनेहरुमा अछाम मंगलसेनकी ३८ वर्षीया ह्युजला सावन्त, मंगलसेनकै ८ वर्षीय धर्मबहादुर सावन्त, दैलेखको दुल्लु नगरपालिकाका १८ वर्षीय दीपक थापा र दुल्लुकै २५ वर्षीया मञ्जु परिहा रहेका छन् ।

**आकर्षक डिजाइन तथा छपाई**

सबै किसिमका रंगिन तथा सादा डिजाइनका साथै सम्पूर्ण छपाईको लागि सधै हामीलाई सम्झनुहोस् !

**आइडिया डिजाइनर्स/अफसेट प्रेस**

सम्पर्क:
बुटवल-७, पुरानो बसपार्क (सब्जीमण्डी पछाडि)
यातायात मजदूर संघको भवनमा
फोन:-०७१-५५०२९३ मो.९८५७०३५३८०,९८४७१२३९५७
E-mail:ideapressbtl@gmail.com

**ट्वाइलेट सफा गराउनुहोस्**

**बुटवल सेनेटरी प्रा.लि.**
९७४५४०५९७३, ९८०७४०९८५२

सेप्टी टंकी, रिङ्ग सफा गर्नु परेमा तथा सेनेटरी सम्बन्धी कुनै पनि काम परेमा हामीलाई सम्पर्क गर्नुहोस् ।

मनिषा सेनेटरी ९८५११९७९६६, ९८४७१२४१८५
शर्वेस सेनेटरी ९८४७०३९१४३, ९८५७०३४३८३
रियुस सेनेटरी ९८११४२८७३०
रेसुङ्गा सेनेटरी/रेसुङ्गा वाटर सप्लायर्स ९८५७०५७०७०

अनुसुची – ९

(नियम ७ को उपनियम (२) संग सम्बन्धित)

**वातावरणीय अध्ययन प्रतिवेदन सम्बन्धी सार्वजनिक सूचना**

एम.ए.डब्ल्यु पेट्रो प्रोडक्ट्स प्रा. लि.को वातावरणीय अध्ययन प्रतिवेदन तयारी सम्बन्धी सार्वजनिक सुचना

(प्रकाशित मिति २०८१।१०।११)

लुम्बिनी प्रदेश नवलपराली जिल्ला रामग्राम नगरपालिका वडा नं. १२ स्थित एम. ए. डब्ल्यु पेट्रो प्रोडक्ट्स प्रा. लि. द्धारा निम्न बमोजिमको प्रस्ताव कार्यान्वयन गर्न लागिएको छ।

| | |
|---|---|
| प्रस्तावकको नाम र ठेगाना | एम.ए.डब्ल्यु पेट्रो प्रोडक्ट्स प्रा. लि., लुम्बिनी प्रदेश नवलपराली जिल्ला, रामग्राम नगरपालिका वडा नं. १२ |
| प्रस्तावको ब्यहोरा | लुम्बिनी प्रदेश नवलपराली जिल्ला रामग्राम नगरपालिका वडा नं. १२ मा एम. ए. डब्ल्यु पेट्रो प्रोडक्ट्स प्रा. लि.ले Bitumen oil - 15000 MT, Plastic Container ( captive use ) - 1500 MT, Residual Oil(By-Product) 50 MT, Coolant 500 KL, Lubricating oil(Industrial Grade ) - 2000 KL, Lubricating oil (Automotive Grade ) - 3000 KL, र Grease – 1000 KL. वार्षिक रुपमा उत्पादन गर्ने गरि उद्योग संचालनमा ल्याउन लागेको । |
| प्रभाव पर्न सक्ने जिल्ला / गा.पा./ वडा नं. /कित्ता नं. | लुम्बिनी प्रदेश नवलपराली जिल्ला रामग्राम नगरपालिका वडा नं. १२ कि.नं. १९१, ३९१, ३९२, ३७६, ३२१, ४०१, ६३१, ६७०, ३९८, ३७७, २७६, ३९९, ४००, ४०२, ५९९ र ७०१ (जम्मा क्षेत्रफल लगभग १३६०० बर्ग मिटर) |

माथि उल्लिखित प्रस्तावको वातावरणीय अध्ययन प्रतिवेदन तयारी गर्ने क्रममा सो क्षेत्रको प्राकृतिक भौतिक प्रणाली, जैविक प्रणाली, सामाजिक प्रणाली,सांस्कृतिक प्रणाली र आर्थिक प्रणाली बिचको कस्तो प्रभाव पर्दछ भनी यकिन गर्न सो स्थानको गा.पा. तथा त्यस क्षेत्रका विद्यालय,अस्पताल,स्वास्थ्य चौकी तथा सरोकारवाला व्यक्ति वा संस्थाको लिखित राय सुझाव लिन आवश्यक भएकोले यो सार्वजनिक सुचना प्रकाशन भएको मितिले सात (७) दिनभित्र निम्न ठेगानामा आई पुग्ने गरी लिखित राय सुझाव उपलब्ध गराई दिनु हुन अनुरोध गरिन्छ।

| | |
|---|---|
| प्रस्तावकको नाम र ठेगाना | एम. ए. डब्ल्यु पेट्रो प्रोडक्ट्स प्रा. लि., लुम्बिनी प्रदेश नवलपराली जिल्ला रामग्राम नगरपालिका वडा नं. १२<br>इमेल : info@mawnepal.com<br>फोन नं. ०१-५३६११६० |
| परामर्शदाताको नाम र ठेगानाः | नामः ग्रिनहेराल्ड ईन्भाइरोमेन्टल एण्ड इन्जिनियरिङ्ग कन्सल्ट प्रा.लि.<br>फोन नः ९८४६४०४११८<br>ठेगानाः नयाँ बानेश्वर, काठमान्डौं<br>। ई-मेलः purisajan23@gmail.com |

सिद्धार्थ पब्लिकेशन (प्रा.) लि. द्वारा प्रकाशित दैनिक लुम्बिनीको लागि अध्यक्षः मोहन चापागाईं, सल्लाहकारः एम.बी. विश्वकर्मा, प्रबन्ध सञ्चालकः महेश रिजाल, सम्पादकः शेरबहादुर केसी, सह-सम्पादक : टि.आर. शर्मा
प्रधान कार्यालयः बुटवल-११, माझगाउँ, रूपन्देही, लुम्बिनी प्रदेश नेपाल, फोन : ०७१-५३०६४०, ५३७६४० इमेलः dailylumbini@gmail.com(Advt), lumbininews@gmail.com (News) मुख्य शाखा कार्यालय भैरहवा, फोनः ०७१-५७२२६७ अनलाइन संस्करण lumbinipatrika.com